# बागलुङ नगर बाल संजाल संचालन विधान २०७९

<u>**प्रस्तावनाः**</u> बाल अधिकारका चार पक्ष बाल बचाउ, बाल संरक्षण, बालविकास र बाल सहभागितालाई अभिवृद्धि गर्दै बालअधिकारको सम्मान पालना समर्थन सम्बर्धन, परिपूर्ति एवं बालमैत्री स्थानीय तह निर्माण गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, नेपालको संविधान, प्रचलित बालबालिका विद्यमान कानुनहरु तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले परिकल्पना गरेको विषयहरुलाई कार्यान्वयन गर्न वाञ्छनिय भएकोले वनाइएको विधान |

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यस विधानको नाम नगर बाल संजाल संचालन विधान २०७९

**२. यो विधान तुरुन्त प्रारम्भ हुनेछ |**

**२.परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,

(क) ÷÷संबिधान" भन्नाले नेपालको संबिधान, २०७२ लाइ सम्झनुपर्छ |

(ख) '÷ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन,२०७४ सम्झनुपर्छ |

(ग) '÷विधान" भन्नाले, नगर बाल संजाल संचालन विधान २०८० **सम्झनुपर्छ |**

(घ) "बाल क्लब" भन्नाले बाल समूह, बाल क्लब, बाल मञ्च लगायतका बालबालिकाका समूह तथा तिनका सञ्जालहरू समेत सम्झनुपर्दछ।

(ङ) "बालबालिका" भन्नाले नेपालको कानून अनुसार १६ वर्ष उमेर पूरा नगरेका र अन्तर्राष्ट्रिय कानून अनुसार १८ वर्ष उमेर पूरा नगरेका सबै व्यक्तिलाई सम्झनुपर्दछ।

(च) "वागलुङ नगरपालिका" भन्नाले नगरपालिका र तिनका वडा समेतलाई सम्झनुपर्छ ।

(छ) अधक्ष्य भन्नाले, नगर बाल संजालको लाइ अधक्ष्य जनाउछ |

(ज) कोशाध्यक्ष भन्नाले, नगर बाल संजालको कोशाध्यक्ष लाइ जनाउछ |

(झ) सचिव भन्नाले, नगर बाल संजालको सचिव लाइ जनाउछ |

(ञ) सदस्य भन्नाले, नगर बाल संजालको बाँकि वा सबै सदस्य लाइ जनाउछ |

## परिच्छेद-२

नगर बाल संजाल संचालनको लागि समिति, संस्थागत तथा कार्यान्यन व्यवस्था/प्रक्रिया

**३. नगर बाल संजाल समितिः** बालबालिकाको सर्वोत्तम हित कायम गर्न तथा कार्यन्वयनमा सहजीकरण गर्न , नगर बाल संजाल समितिमा प्रत्येक वडाको बालमैत्री स्थानीय शासन वडा समिति बाट कम्तिमा १ जना बालिका सहित २ जना बालबालिका सदस्य हुनेछन ।

**४ नगर बाल संजाल समितिका सदस्यको निर्वाचन प्रकृयाः**

१. प्रतेक वडाको बालमैत्री स्थानीय शासन वडा समिति बाट छनोट भएका सदस्यहरु नगर बाल संजाल समितिका सदस्य रहने छन |

२. आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र उपदफा १ बमोजिमका सदस्यहरुको निर्वाचन मण्डलबाट नगर बाल संजाल समितिका सदस्यहरुको पद तोकिने छ |

**५. सदस्यको पदावधिः**

१. नगर बाल संजालका सदस्यहरुको समयावधि १ वर्षको हुनेछ |

२. उपदफा १ बमोजिमको पदावधि समाप्त भएका सदस्यहरु दफा ६ को (क) बमोजिमको उमेर सम्म नगर बाल संजालका सदस्यहरुको रुपमा निर्वाचित हुन् सक्ने छन |

**६.सदस्य हुनको लागि अयोग्यताः देहाएको व्यक्ति नगर बाल संजालको सदस्य पदमा निर्वाचित हुन् सक्ने छैन :**

क) अठार वर्ष उमेर पुरा भएको,

ख) बालमैत्री स्थानीय शासन वडा समितिमा सदस्य नभएको,

ग) जन्मदर्ता नभएको,

**७. सदस्यको पद रिक्त हुने अवस्थाः**

देहाएको कुनैपनि अवस्थामा सदस्यको पद रिक्त हुन् सक्नेछ |

क) अध्यक्षले उपाध्यक्ष समक्ष र अन्य सदस्यहरुले अध्यक्ष समक्ष लिखित राजीनामा दिएमा |

ख) निजको दफा ६ बमोजिमको योग्यता नभएमा वा नरहेमा |

ग) निज सम्बन्धित संजाललाई सूचना नदिइ लगातार ४ वटा बैठकमा अनुपस्थित रहेमा |

घ) संबिधान र यो कानुनको गम्भीर उल्लंघन गरेको, खराब आचरण भएको, इमान्दारीपूर्वक पदीय कर्तव्य पालना नगरेको, आचारसंहिताको गम्भीर उल्लंघन गरेकोले आफ्नो पदीय जिम्मेवारी पुरा गर्न नसकेको आधारमा नीज विरुद्ध धारा ४ को उपधारा २ बमोजिमका निर्वाचित सदस्यहरुको तत्काल कायम रहेको सदस्य संख्याको बहुमत बाट पारित भएमा नीज पद मुक्त हुनेछ |

ङ) निजको मृत्यु भएमा |

**८. विशेषाधिकारः**

१. यस विधानको अधिनमा रही नगर बाल संजालको बैठकमा पूर्ण बाक्य स्वतन्त्रता रहनेछ व्यक्त गरेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर कुनै पनि सदस्यलाई कारबाही चलाइने छैन |

२.नगर बाल संजालका सदस्यलाई आफ्नो काम कारबाही र निर्णय गर्ने पूर्ण अधिकार रहनेछ सञ्जालको कुनै कारबाही नियमित छ वा छैन भनी निर्णय गर्ने अधिकार सम्बन्धित सञ्चारलाई मात्र हुनेछ ।
३.नगर बाल संजालको कारबाहीमाथि  त्यसको असल नियतबारे शंका उठाई कुनै टिकाय टिप्पणी गरिने छैन र कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानिए जानी, गलत वा भ्रामक अर्थ लगाई कुनै प्रकारको प्रकाशन वा प्रसारण गर्न पाइने छैन।
४. उपदफा १ र २  को व्यवस्था सञ्जालको सदस्यबाहेक संजालको बैठकमा भाग लिने अन्य व्यक्तिका हकमा पनि लागू हुनेछ।
५. विशेषाधिकार को हननलाई नगर बाल सञ्जालको अपहेलना मानिनेछ र कुनै विशेषाधिकारको हनन भएको छ वा छैन भन्ने सम्बन्धमा निर्णय गर्ने  अधिकार सम्बन्धित सञ्जाललाई मात्र हुनेछ।

**९. संजालको नामाकरणः**

क) नगर बाल संजालका सदस्यहरुको दुई तिहाई बहुमत बाट नगर बाल संजालको उपयुक्त नाम नामकरण गर्न सक्नेछन ।

ख) उक्त संजालको बैठक बाट नामकरण नगरेसम्म यो संजालको नाम बागलुङ नगर बाल संजाल रहनेछ ।

**१० . समितिको काम, कर्तव्य र अधिकारः**

(क) गैर विभेदीकरण बालबालिकाको सर्वोत्तम हित, सर्वांगिण विकास र बालसहभागिताको सिद्धान्तमा आधारित भै बालअधिकारको सम्मान, संरक्षण र सम्बद्र्धन गर्न एवम  बाल बचाऊ, बाल संरक्षण, बाल विकास र सार्थक बाल सहभागिता जस्ता बालअधिकारका सवालहरुलाई स्थानीयस्तरको नीति, योजना, संरचना, प्रणाली र कार्यप्रक्रियामा स्थानीयस्तरमा संस्थागत विकास गर्न लगाउने तथा , बाल विवाह न्यूनीकरण, पढाइमा बालबालिकाको रुची र उपस्थिति अर्थपूर्ण बनाउने लगाएतका प्रवद्धनात्मक कार्यक्रम संचालन गर्ने ।

(ख)  नगर बाल संजालको लागि स्रोत तथा लगानीको क्षेत्र खोजी गरी आवस्यक कार्यान्वयन गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनमा सरोकारवालाको सार्थक सहभागिताको सुनिश्चित गर्ने,
(घ) आफु अध्यापन शैक्षिक सस्थामा मासिक रुपमा, आफै वा विद्याथीहरु वा अध्यापरत शिक्षक/शिक्षिका वा आवस्यकता को महसुस भएमा नगरको सहयोग लिइ अतिरिक्त, कक्षा संचालन गर्ने,
(ङ) कार्यक्रमको कार्यान्वयनको कार्ययोजना बनाई सोको कार्यान्वयन र अनुगमन गर्ने,
(च) नगर बाल संजालको बार्षिक कार्यसम्पादन प्रतिवेदन तयार गरी बागलुङ नगरपालिलाइ उपलब्ध गराउने,

(छ) टोल, समाज, आफु अध्यापन शैक्षिक सस्था वा अन्य कुनै कार्यक्रमको बैठकमा अर्थपूर्ण सहभागिता जनाउने,

(ज) समितिका सदस्यहरुले अनुसूची -२, मा उल्लिखित बालबालिकाको लागि आचार संहिता पूर्णरुपमा पालना गर्नुपर्नेछ ।

**११. समितिको बैठकको निर्णय**

(१) समितिको बैठक मासिक रुपमा बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्ने छ ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगावै समितिको सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सदस्यहरूलाई दिनुपर्नेछ ।

(४) समितिको दुई तिहाई सदस्यहरु उपस्थिति भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठक संचालन समितिको अध्यक्षले गर्नेछ अधक्ष्यको अनुपस्थितिमा समितिका उपस्थि सदस्यहरूले आफूमध्येबाट छानेको जेष्ठता सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुन्छ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले मत दिनेछ

(७) समितिको निर्णय समितिको अध्यक्ष र सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य विधान सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ

**१२. नगर बाल संजाल अन्तरगत गरिने कार्यक्रमको योजना छनोटः** बालमैत्री स्थानीय शासनको प्रवर्द्धन तथा अवलम्बन, बाल बालिकाल्लाई बाल अधिकारका सबै पक्षमा सक्षम बनाउन आवस्यक पर्ने योजना छनोट गर्नेछ ।

**१३. बालबालिकाको संरक्षण र सम्बर्द्धनका लागि बाल कल्याण कोषको व्यवस्थाः**

(१) , नगर बाल संजालमा एक बालकल्याण कोषको स्थापना गरिने छ ।

(२)कोषमा देहाय बमोजिमको रकमहरु रहने छ

(क) स्थानीय सरकारबाट अनुदान स्वरूप प्राप्त गरिएको रकम

(ख) सङ्घीय तथा प्रदेश सरकारबाट अनुदान स्वरूप प्राप्त रकम

(ग)विदेशी सरकार,अन्तराष्ट्रिय संघसस्थाबाट प्राप्त रकम

(घ)स्वदेशी संघ, सस्था बाट प्राप्त हुन् आएको रकम ।

(ङ)अन्य विविध श्रोत बाट प्राप्त हुन् आएको रकम ।

(३)बालकोषको प्रयोग जोखिम अवस्था रहेको र विशेष संरक्षणको आवस्यकता भएका बालबालिकाको संरक्षण तथा सम्बर्द्धनका लागि निम्न शिर्षकमा खर्च गर्न सकिनेछ ।

(१)जोखिमपूर्ण श्रममा संलग्न रहेको,

(२)हराएको वा वेवारिस अवस्थामा फेला परेको,

(३)ऋणको कारणले बन्धकमा रहेको वा जवर्जस्ती श्रमबाट पीडित भएको,

(४)शारीकिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित भएको,

(५)दुर्घटना परेको, प्राकृतिक वा दैवी प्रकोपमा परेको,

(६)बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुर्संग सम्बन्धित रहेको कारणले बेवारिसे भएको,

(७)यौनशोषण, यौन दुर्व्यवहार, वेचविखन वा ओसारपसार परेको,

(८)हिंसाबाट प्रभावित भएको,

(९)बाबुआमा वा संरक्षणबाट बन्चित भएको,

(१०) अपाङ्गता भएको,

(११) सुस्तमनस्थिति भएको,

(१२) अपहरण वा शरीर बन्धक परेको,

(१३) सडक बालबालिका,

(१४) एच.आई.भी. एड्स संक्रमित भएको,

(१५) जन्मने वित्तिकै आमा वा बुवाबाट तिरस्कृत भै संरक्षण-विहिन अवस्थामा फेला परेको शिशु

(१६) विभिन्न कारणबाट आमाबाबुबाट त्यागिएको,

(१७) समितिले तोकेका अन्य बालबालिका ।

(४)बालबालिका संग सरोकार राख्ने सामाजिक सचेतनामुलक नाटक, र्याली लगाएतका कार्यक्रम संचालनार्थ भएको सामान्य खर्च **बाल कल्याण कोषबाट** व्यवहार गर्न कुनै बाधा पर्ने छैन ।

(५)सुनौलो नगर बाल संजालको नियमित मासिक बैठकको संचालन खर्च बैठकमा उपस्थित समितिका सदस्य तथा अन्य सदस्यहरुको यातायात खर्च **बाल कल्याण कोषबाट** व्यवहार गर्न कुनै बाधा पर्ने छैन ।

(६) परिच्छेद ७ को (३), (४), (५) मा उन्ल्लेख भए बाहेकको अन्य शीर्षकमा कोषको रकम खर्च गर्न सकिने छैन ।

(७)दफा ४ मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको कुल खर्च रकमको १० प्रतिशत सम्मको रकम कोष संचालक समितिको बैठक संचालन तथा व्यवस्थापनमा लाग्ने खर्चको लागि उपयोग गर्न सकिने छ ।

४. दफा ३ मा उल्लिखित संरक्षणको समस्यामा परेको बालबालिकाले अनुसूची १ अनुसारको निवेदन पेस गर्नुपर्नेछ ।

**१४. कोष संचालक समितिको गठन देहाय बमोजिम ४ सदस्यको हुनेछ ।**

(क) , नगर बाल संजालको अध्यक्ष संयोजक रहने ।

(ख) , नगर बाल संजालको सचिव सदस्य रहने ।

(ग) , नगर बाल संजालको एक बालिका सदस्य सदस्य रहने ।

(घ) , नगर बाल संजालको कोशाध्यक्ष सदस्य सचिव रहने ।

**१५. कोष संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ ।**

(क) जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवस्यकता भएका बालबालिकाको उद्दार गर्न, स्वास्थ्ययोपचार गर्ने, पुनस्थापना गर्ने तथा , नगर बाल संजालले छनोट गरेका अन्य आवस्यक कार्यक्रम तर्जुमा गर्ने,

(ख) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(ग) स्वीकृत कार्यक्रमको भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(घ) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत स्वरूप दिइने रकमको मापदण्ड बनाइ लागु गर्ने,

(ङ) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धि अध्यन तथा अनुसन्धान गर्ने वा गराउने,

(छ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(ज) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा सस्थासंग समन्यव गर्ने,

(झ) कोष वृद्धिको लागि स्रोतको खोजि गर्ने,

(ञ) अनुसूचि १ अनुसार परेको निवेदनको अनुगमन गरी आवस्यक समन्यवय गर्ने |

(ट) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धि अन्य काम गर्ने वा गराउने |

**१६. कोष संचालक समितिको बैठकको निर्णय**

७. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ |

८. समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्ने छ |

९. समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगावै समितिको सदस्य -सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सदस्यहरूलाई दिनुपर्नेछ

१०. समितिको दुई तिहाई सदस्यहरु उपस्थिति भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ |

११. समितिको बैठक संचालन समितिको अध्यक्षले गर्नेछ अधक्ष्यको अनुपस्थितिमा समितिका उपस्थि सदस्यहरूले आफूमध्येबाट छानेको जेष्ठता सदस्यले गर्नेछ |

१२. समितिको बैठकमा बहुमतको निर्णय मान्य हुन्छ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले मत दिनेछ

१३. समितिको निर्णय समितिको संयोजक र सदस्यसचिवले प्रमाणित गर्नेछ |

१४. समितिको बैठक सम्बन्धी अन्य विधान सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ

१५. जोखिममा रहेका बालबालिका आकस्मिक उद्दार तथा पुनःस्थापना गर्नुपर्ने अवस्था भएमा समितिको संयोजक, कोषाध्यक्ष र सदस्य सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा खर्च गर्ने सक्नेछन् | तर सो खर्च रकम , नगर बाल संजाल समितिको बैठकबाट अनुमोदन गर्नुपर्नेछ |

**१७. कोषको खाता संचालन**

(१)  कोषको रकम समितिको निर्णयले नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त पायक पर्ने बैंकमा खाता खोली संचालन गरिनेछ।

(२)  उपदफा (१) बमोजिमको खाता संचालनका लागि  , नगर बाल संजालको अध्यक्ष, कोशाध्यक्ष र सचिवको  सयुक्त दस्तखत बाट खाता संचालन गरिनेछ।

**१८. रकम फ्रिज नहुने**ः प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन।

(ख) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट  हुनेछ ।

**१९. प्रतिवेदन पेश गर्ने**ः समितिले आफूले गरेको कार्यको बार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र बागलुङ नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**२०. सल्लाकार समितिः** बालबालिकाको सर्वोत्तम हित कायम गर्न, कार्यन्वयनमा सहजीकरण गर्न तथा बालबालिकाको सर्वाङगिर्ण व्यक्तित्व विकासको लागि आवस्यक राए, सल्लाहा, सुझाव दिन ५ सदस्य सल्लाहाकार समितिमा बागलुङ नगर बाल संजालका पुर्व (अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव, र सदस्य सचिव) सदस्य रहनेगरी समिति गठन गर्न सकिने छ ।

**२१. अनुगमन सम्बन्धी** व्यवस्थाः यस विधान अनुसार खर्च भएको रकम **बाल कल्याण कोषको अर्थपूर्ण प्रयोगको** र यसको प्रभावकारितामा भए नभएको सम्बन्धमा **कोष संचालक समितिका पदाधिकारी बाहेक** , नगर बाल संजालको कुनै सदस्यको संयोजकमा एक अनुगमन समिति आवस्यकतानुसार गठन गरी सोहि अनुसार समय समयमा अनुगमन गरी आवश्यक सल्लाह, सुझाव र पृष्ठपोषण प्रदान गर्नेछ ।

## परिच्छेद ३

## विविध

**२२. विधानको व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकारः** विधानको कार्यान्वयनको सिलसिलामा कुनै दुविधा हुन गएमा सो को व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार  , नगर बाल संजाललाई हुनेछ ।

२३. **खारेजी र बचाउः** यो विधान **बाल कल्याण कोष,** बालमैत्री स्थानीय शासन तथा बालबालिका सम्बन्धि प्रचलित नेपाल सरकारको कानुन सँग बाँझिन गएमा बाझिएको हद सम्म यो विधानमा लेखिएको कुराहरु अमान्य हुनेछन र नेपाल सरकारको कानुनमा लेखिएको कुराहरु मान्य हुनेछ ।

**२४. संसोधनः**  , नगर बाल संजाल संचालन विधान २०७९ को कुनै परिच्छेद वा दफा वा सब्द संसोधन गर्न आवस्यक परे समितिको दुइ तिहाइ बहुमत बाट संसोधन गर्न सकिनेछ ।

**२५. विविधः** बालबालिका सम्बन्धी कार्य सञ्चालन गर्दा यो विधान बमोजिम हुनेछ र यस विधानमा उल्लेख नभएका प्रक्रियाहरु अवलम्बन गर्दा **बाल कल्याण कोष,** बालमैत्री स्थानीय शासन तथा  बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकारको कानुनमा भएको बालसंरक्षण र  संवर्धन प्रक्रियाहरु अबलम्वन गर्न कुनै बाधा पर्ने छैन।

अनुसूची–१
(दफा १) सँग सम्बन्धित)
सहयोगका लागि निवेदन को नमुना

............ नगरपालिका
......... जिल्ला
गण्डकी प्रदेश
नेपाल

मिति

श्री.......................................
..................................................

............................जिल्ला .................................पालिका ....................वडा नं............को ......................................मा तथा ............................ ................... विद्यालयमा अध्यापन गर्ने बाबा ....................... .................. र आमा ................ .................. को छोरा/छोरी ................ ........ ............................लाइ ....................... ...................... ............. समस्याले गर्दा यस नगरले बालबालिकाको सम्पुर्ण व्यक्तित्व विकासको लागि गल्कोट बाल कल्याण कोष व्यवस्थापन विधान २०७९ कार्यन्वन भैरहेकोले मलाइ सोहि विधान अनुसारको व्यवस्था गर्नुहुन अनुरोध छ ।

निवेदक

नाम ः

अनुसूचीः २

(दफा ४ (झ) सँग सम्बन्धित)

**बालबालिकाको लागि आचार संहिता**

(१) नियमित र तोकिएको पोशाकमा विद्यालय जानेछौं।

(२) विद्यालय हाताभित्र विद्यालयको नियम पालना गर्दै अनुशासित बन्ने छौ।

(३) स्थानिय स्तरमा रहेको बाल क्लबहरूमा सक्रिय सहभागिता जनाउदै कसैलाई पनि भेदभाव गर्ने छैनौं।

(४) विद्यालय र समुदायस्तरमा सञ्चालित बिभिन्न अतिरिक्त क्रियाकलापहरूमा सहभागिता जनाई निर्धक्क रूपमा आफ्नो हक अधिकारको बारेमा कुरा राख्ने र कर्तव्यको बारेमा सचेत हने छौ।

(५) बालविवाहको लागि कुनै पनि अवस्थामा मञ्जरी हुने छैनौ र अन्यत्र हुन लागेमा पनि निरुत्साहित गर्नेछौं।

(६) हाम्रो आधारभुत आवश्यकताहरू खाना, आवास, स्वास्थ्य, शिक्षा, अवसर, माया, संरक्षण लगायतका बालअधिकारका बारेमा जानाकारी राख्दै अरुलाई पनि सिकाउनेछौ।

(७) बिपन्न र अपाङ्गता भएका साथिहरूलाई सहयोग गर्नेछौं।

(८) आफुले नबुझेको र नजानेको कुरा शिक्षक तथा अभिभावकलाई सोध्नेछौ र आफुसँग सम्बन्धित पारिवारिक छलफल तथा निर्णयमा सहभागि हुनेछौं।

(९) टोल बस्तीमा हुन लागेका तथा भईरहेका बालविवाह, बाल यौन दुर्व्यवहार तथा बालश्रम जस्ता कुराहरूको जानकारी सम्बन्धित निकाय तथा अभिभावकलाई जानकारी दिनेछौं।

(१०) समय तालिका अनुसार पढ्ने, लेख्ने, खेल्ने, सुन्ने र सञ्चार माध्यमको प्रयोग गर्नेछौं।

(११) सुर्तिजन्य एवं मादक पदार्थको प्रयोग तथा खरिद बिक्रीमा संलग्न हुने छैनौं ।

(१२) बाल अधिकार हनन् भएको अवस्था देखेमा सम्बन्धित निकायमा खबर पाउनेछौ।

(१३) अपरिचित व्यक्तिको ललाई फकाई तथा प्रलोभनमा फस्ने छैनौ र यस्तो भएमा अभिभावकलाई खबर गर्ने छौं।

(१४) आफु आबद्ध रहेको बा आफुलाई बोलाइएको सामाजिक संस्थाको बैठकमा नियमित र सक्रिय सहभागिता जनाउनेछौ र बालक्लब मार्फत बाल सहभागिता अभिवृद्धिमा पहल गर्नेछौं।

(१५) हात धुनु पर्ने अवस्था बुझ्ने र कार्यान्वयन गर्नेछौ।

(१६) शौचालयको नियमित प्रयोग गर्नेछौ।

(१७) पोषिलो खानेकुरा खानेछौ, भाइबहिनी र साथीहरूलाई पनि खानको लागि प्रेरित गर्नुको साथै ६ महिनासम्मका बालबालिकालाई आमाको दुधमात्र खुवाउनका लागि अभिभावकलाई सचेत गराउनेछौं।

(१८) आवश्यक परेको खण्डमा घर परिवारको अनुमति लिएर मात्र बाहिर निस्कनेछौं।

(१९) विद्यालय भर्ना अभियान, खोप अभियान, सरसफाई अभियान लगाएतका राष्ट्रिय तथा स्थानीय अभियानहरूमा बाल क्लब मार्फत सक्दो जनचेतना फैलाउने कार्यमा सहयोग गर्नेछौं।

(२०) साना भाइबहिनिहरूलाई बाल विकास केन्द्रमा भर्ना गर्न अभिभावकहरू लाई प्ररित गर्नेछौं।

(२१) बालमैत्री स्थानीय शासनको दिगोपनका लागि बाल क्लबका सदस्यहरू परिचालन हुनेछौं।

समाप्त